The Journal of Deukhuri Multiple Campus
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# देउखुरी बहुमुखी क्याम्पसद्वारा उत्पादित जनशक्ति खपतको अवस्था

**खोपेन्द्र ज्ञवाली**
उपप्राध्यापक, देउखुरी बहुमुखी क्याम्पस लमही, देउखुरी दाङ
**सुधीरकुमार अधिकारी**
उपप्राध्यापक, देउखुरी बहुमुखी क्याम्पस लमही, देउखुरी दाङ

**Corresponding Author:** *Sudhir Kumar Adhikari*; email: Sudhir.sa.ad@gmail.com
https://orcid.org/0009-0002-1491-1246

**शोधसार**

*प्रस्तुत अध्ययन देउखुरी बहुमुखी क्याम्पसको उत्पादित जनशक्तिसँग सम्बन्धित छ । देउखुरी बहुमुखी क्याम्पसबाट आफ्नो औपचारिक अध्ययन पूरा गरी स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण शैक्षिक जनशक्तिमध्ये कति संख्यामा खपत भएका छन् र खपत भएका जनशक्तिको लैङ्गिक वितरण के-कस्तो रहेको छ, कुन-कुन तह र निकायमा कार्यरत रहँदै आएका छन् भन्ने बारेमा यस लेखमा खोजी गरिएको छ । समुदायप्रति क्याम्पसको योगदान के कति रहयो भनी विश्लेषणात्मक अध्ययन गर्ने उद्देश्यका साथ अगाडि बढाइएको प्रस्तुत अनुसन्धनात्मक लेखमा मूलतः परिमाणात्मक अनुसन्धानका साथै गुणात्मक पद्धति अवलम्बन गरिएकोले मिश्रित ढाँचा अपनाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा तालिका एवं चित्रको माध्यमबाट वर्णनात्मक एवं विवरणात्मक विश्लेषण गरी निष्कर्षमा पुगिएकोछ । देउखुरी बहुमुखी क्याम्पसबाट उत्पादित जनशक्तिमध्ये देउखुरी उपत्यकामा मात्र कार्यरत १५१ जनामध्ये लमही नगरपालिकामा ७६ जना, गढवा र राप्ती गाउँपालिकामा ३२-३२ जना र राजपुर गाउँपालिकामा ११ जना कार्यरत रहेका छन् । जसले गर्दा यस क्याम्पसले उच्च शिक्षित र गुणस्तरीय जनशक्ति उत्पादन गर्न सफल भएको प्रमाणित हुन्छ ।*

***मुख्य शब्दावली:*** देउखुरी बहुमुखी क्याम्पस, शैक्षिक जनशक्ति, खपत, गुणस्तरीय शिक्षा, योगदान

## विषयप्रवेश

एउटा सामुदायिक क्याम्पसले समाज र देशप्रति पुर्याउनु पर्ने योगदानको जति व्याख्या गरे पनि कम नै हुन्छ । तर पनि सामान्य रुपमा हेर्दा सामुदायिक क्याम्पसले स्थानीयस्तरमा गुणस्तरीय शिक्षा उपलब्ध गराएर समाजको साक्षरता र ज्ञानको स्तर बढाउने, विद्यार्थीहरूलाई व्यावसायिक, प्राविधिक र सृजनात्मक शिक्षा दिएर रोजगारीको अवसर सृजना गर्ने देखि लिएर शिक्षा, स्वास्थ्य, संस्कृति, रोजगारी र सामाजिक सद्भाव जस्ता क्षेत्रहरूमा समग्र योगदान दिएर न केवल स्थानीय समुदाय बल्की सम्पूर्ण राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । यसले समाजलाई सशक्त बनाउँदै देशको प्रगतिमा ठूलो योगदानसमेत दिनु पर्दछ ।

नेपालको संविधान, २०७२ ले शिक्षा, औद्योगिक नीतिहरू र फराकिलो अर्थतन्त्रबीचको अन्तरनिर्भरतामा जोड दिने उच्च दक्ष र उच्च उत्पादनशील जनशक्तिले देशको समग्र अर्थतन्त्रमा योगदान पुऱ्याउन सहयोग गर्नेछ (नेपाल सरकार, २०१५) भने पनि हाल ठूलो संख्यामा स्नातकहरूले रोजगारीका अवसरहरू खोजिरहेका छन्, जबकि रोजगारदाताहरूले आफूले खोजेको सीप र योग्यता भएका उपयुक्त कर्मचारीहरू कमै पाउँछन् (शर्मा, २०२३) ।

शैक्षिक वर्ष २०७८-७९ का लागि देउखुरी बहुमुखी क्याम्पसले गरेको ट्रेसर अध्ययनले के देखाएको छ भने ४१ जना स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरुमध्ये ३२ जना रोजगारीमा संलग्न रहेका छन् र ९ जना बेरोजगार रहेका देखिन्छन् । अर्थात् करिब ७८ प्रतिशत रोजगारीमा संलग्न र २२ प्रतिशत बेरोजगार देखिन्छन् । यस्तै अध्ययन शैक्षिक वर्ष २०७९-८० ले पनि ३६ जना उत्तीर्ण विद्यार्थीहरुमध्ये २८ जना (करीब ७८ प्रतिशत) रोजगार प्राप्त र ८ जना (करीब २२ प्रतिशत) बेरोजगार देखाएको छ । दुबै अध्ययनहरुले स्नातक भन्दा स्नातकोत्तर तह उत्तीर्ण जनशक्तिले बढी रोजगार प्राप्त गरेको तथ्य प्रस्तुत गरेका छन् । जसमध्ये पनि बीबीएस र बीएड उत्तीर्णहरु सबैभन्दा बढी, त्यसपछि एम. एड. र सबैभन्दा कम बी.ए. उत्तीर्ण जनशक्ति रोजगार रहेको तथ्य प्राप्त भएको देखिन्छ ।

रोजगारी मुख्यतया सीप, बुझाइ र व्यक्तिगत विशेषताहरूको एक समग्र उपलब्धि हो, जसले स्नातकहरूलाई रोजगारी प्राप्त गर्न र आफ्नो छनौट गरिएका पेशाहरूमा सफल हुने सम्भावना बनाउँदछ, जसले अन्ततः आफैलाई, , समुदाय र अर्थव्यवस्थालाई फाइदा पुऱ्याउँछ (एनिसिस तथा अन्य, २०२१; बायर्न, २०२०; योर्क, २००६) । तसर्थ, रोजगारी एक बहु आयामिक विषयवस्तु हो र हामीले यसको विभिन्न पक्षहरू बारे जान्नुपर्दछ । तर पनि यो सिधा रोजगारीसँग जोडिएको छ, यसको जरा शिक्षासँग सम्बन्धित छ (निएल्सन, २०१८) ।

वि.सं.२०६२ सालमा सामुदायिक क्याम्पसको रुपमा स्थापना भएको देउखुरी बहुमुखी क्याम्पस, दाङ जिल्लाको लमही नगरपालिका वडा नं. ५ रातोडाँडामा अवस्थित छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्तगरी सञ्चालित यस क्याम्पस हाल व्यवस्थापन संकायतर्फ बीबीएस र एमबीएस, शिक्षाशास्त्रअन्तर्गत एम.एड नेपाली र ई.पि.एम. र बी.एडका साथै मानविकी संकायतर्फ बीए कार्यक्रम अन्तरगतका विभिन्न विषयहरुको पठनपाठन तथा जनशक्ति उत्पादन गर्दै शैक्षिक विकासमा हातेमालो गर्दै आफूलाई स्थापित गर्दै आएको छ । ४० जना प्राध्यापक तथा कर्मचारीहरु कार्यरत यस क्याम्पसमा १८ जना पूर्णकालीन शिक्षक, १३ जना आंशिक शिक्षक साथै अन्य ९ जना कर्मचारीहरु आ-आफ्नो जिम्मेवारीमा सेवारत रहेका छन् । समुदाय स्तरबाट संञ्चालित यस क्याम्पस सामुदायिक स्तरको सहयोग, नगरपालिका र गाँउपालिकाहरुद्वारा प्राप्त भएको अनुदान रकमका साथै विभिन्न शीर्षकहरुमा छुट्याइएको रकमबाट हाल भौतिक रुपले सम्पन्नताको बाटो तर्फ उन्मुख छ । अनुदान आयोगको तर्फबाट अनुगमन तथा सुझाव सल्लाह प्राप्त गरी गुणस्तर सुनिश्चितता प्रत्यायन प्राप्तिको तयारीमा समेत जुटेको छ । हाल १८१३ विद्यार्थी अध्ययनरत यस क्याम्पसबाट स्नातक तहमा ७७३ जना स्नातकोत्तरमा २२९ जना विद्यार्थीहरु उत्तीर्ण भई आआफ्नो कार्यमा समर्पित छन् ।

सबै शैक्षिक संघ संस्थाहरुले आफूले उत्पादन गरेको शैक्षिक जनशक्तिको अवस्था पत्ता लगाउन आवश्यक हुन्छ । समाजले खोजेको र रोजेको जनशक्ति निर्माणमा पुऱ्याएको योगदानको अवस्था पत्ता लगाउनु हरेक शैक्षिक संस्थाको दायित्व हुने गर्दछ । हालसम्म यस देउखुरी बहुमुखी क्याम्पसको कुनैपनि आधिकारिक अंगबाट समाजमा पुऱ्याएको योगदानको विषयमा अध्ययन अनुसन्धान हुन नसकेकोले यो अध्ययन यसप्रकारको प्रथम अध्ययन हुन गएको छ । तसर्थ प्रस्तुत विषयमा सम्बन्धित साहित्यको अभाव देखिन्छ । तर पनि यस क्याम्पसबाट गरिएको ट्रेसर अध्ययन र विभिन्न स्वदेशी एवं विदेशी अध्ययनकर्ताहरुले यस अघि यसै विषयवस्तुसँग मिल्दोजुल्दो विषयमा गरिएका केही अध्ययनहरुलाई सम्बन्धित साहित्यको पुनरावलोकनका रुपमा लिई अध्ययनकार्यलाई अगाडि बढाइएको छ ।

यस शैक्षिक संस्था स्थापना भएको २० वर्षको अवधिमा यस संस्थाले समाजमा पुऱ्याएको योगदान के कति रह्यो, हाल देउखुरी उपत्यका भित्रका ४ वटा पालिकाहरुमा कुन-कुन तह, कुन-कुन निकाय, कस्तो प्रकृतिको संख्या र कस्तो प्रकृतिको कार्यमा यहाँबाट उत्तीर्ण जनशक्ति कार्यरत रहेका छन् भन्ने तथ्य यस संस्थाका लागि जानकारी राख्न अत्यन्त जरुरी रहेको छ । समुदायको लगानीमा खुलेको यस सामुदायिक क्याम्पसले समुदायमा पुऱ्याएको योगदानको मात्रात्मक तथा गुणात्मक अवस्था थाहा पाउन यस किसिमको अध्ययनको आवश्यकता रहेको तथा यस प्रकारको अध्ययन हालसम्म जिम्मेवार निकायबाट नभएकोले पनि यस क्याम्पसले देउखुरी उपत्यका भित्रको समग्र विकासमा पुऱ्याएको योगदानको अध्ययन गर्न आवश्यक देखिएको हो । यिनै तथ्यहरुका आधारमा प्रस्तुत अध्ययनका अनुसन्धान प्रश्नहरु यसप्रकार रहेका छन्:

(क) देउखुरी बहुमुखी क्याम्पसबाट उत्पादित जनशक्तिको संख्या, शैक्षिक तह, संकाय, लैङ्गिक अनुपात, र रोजगारीको प्रकृति के-कस्तो छ ?
(ख) देउखुरी बहुमुखी क्याम्पसका स्नातकहरूको रोजगारी दर र पदस्थापनमा आएका बाधाहरू के-के छन् ?
(ग) देउखुरी बहुमुखी क्याम्पसले स्नातकहरूको रोजगारी सुविधा बढाउन गर्न सक्ने नीतिगत, पाठ्यक्रमगत, र व्यावहारिक सुधारहरू के -के हुन् सक्छन् ?

**अध्ययनको उद्देश्य**

देउखुरी उपत्यका भित्रका ४ वटा स्थानीय तहहरुमा यस क्याम्पसबाट उत्पादित जनशक्तिको खपत अवस्था के कस्तो छ साथै क्याम्पसको समुदायप्रतिको योगदान के कस्तो रहेको छ भनी थाहा पाउन प्रस्तुत अध्ययनलाई अगाडि बढाएइको हो ।

यिनै तथ्यहरुलाई मनन् गर्दै प्रस्तुत अध्ययनको उद्देश्य निम्नानुसार निर्धारण गरिएको छः

क) देउखुरी उपत्यका भित्र कार्यरत देउखुरी बहुमुखी क्याम्पसबाट उत्पादित जनशक्तिको संख्या, तहगत, संकायगत, लैङ्गिक अवस्थाका साथै कार्यको प्रकृति, कार्यरत संघ संस्थाको प्रकृति, पदीय जिम्मेवारीको अवस्था पत्ता लगाउनु ।

ख) यस क्याम्पसबाट उत्तीर्ण जनशक्तिको रोजगारी तथा पदस्थापन व्यवस्थापनमा देखा परेका समस्या पहिचान गरी क्याम्पसलाई आवश्यक सुझाव प्रदान गर्नु ।

**अनुसन्धान विधि**

अनुसन्धानका प्रचलित विधिहरुमध्ये यस अध्ययनमा मुख्यतः परिमाणात्मक विधिको अवलम्बन गरिएको छ भने पूर्णता प्रदान गर्नका लागि गुणात्मक विधिको समेत सामान्य प्रयोग गरिएकोले यो अधययन मिश्रित विधिबाट अगाडि बढाइएको छ । जसका लागि आवश्यक पर्ने तथ्याङ्कको स्रोत, नमूना छनोट विधि, तथ्याङ्क संकलन विधि र तथ्याङ्क विश्लेषण विधि यसप्रकार रहेका छन्:

**तथ्याङ्कको स्रोत**

तथ्याङ्कको स्रोतहरु मुख्यतया प्राथमिक र द्वितीय गरी दुई प्रकारका हुने गर्दछन् । यस विषयवस्तुको बारेमा द्वितिय स्रोतको रुपमा क्याम्पस प्रशासन तथा स्वअध्ययन प्रतिवेदनमा उल्लेखित तथ्याङ्क रहेका छन् भने प्रमुख प्रश्नावली निर्माण गरी देउखुरी उपत्यका विभिन्न संघ संस्थामा प्रत्यक्ष रुपमा पुगी मुख्य अनुसन्धानकर्ताको मातहतमा रही तथ्याङ्क स्वयम रोजगारदातालाई नै सूचना भर्न लगाएर लिएको हुँदा तथ्याङ्क वास्तविक र सही छ भन्नेमा कुनै शंका छैन ।

**नमुना छनौट विधि**

यस अध्ययनको विषयवस्तु नै देउखुरी बहुमुखी क्याम्पसबाट शैक्षिक योग्यता हासिल गरेका कति विद्यार्थीहरु देउखुरी उपत्यकामा रोजगारप्राप्त गरी कार्यरत छन् भन्ने कुरा जानकारी लिने भएकाले यसमा जनगणना विधि प्रयोग गरिएको छ जसले कोही नछुटोस् र कोही नदोहोरियोस् भन्ने मुख्य मान्यतामा रही सबैलाई समेटिएको छ ।

**तथ्याङ्क संकलन विधि**

तथ्याङ्क संकलन कार्यका लागि तयार गरिएको प्रश्नावली उपत्यका भित्रका ४ वटा पालिकाहरुमा पुगी सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी सरोकारवाला व्यक्तिहरुलाई भेटी अध्ययनको उद्देश्य स्पष्ट पारी जनगणना विधिद्वारा सबै व्यक्तिहरुबाट तथ्याङ्क संकलन गरिएको छ र तथ्याङ्क पूर्ण रुपमा उत्तरदातामा निहित रहेको छ । प्रश्नहरुको तथ्याङ्क संकलन गर्दा अध्ययनको महत्व, उद्देश्य भएको व्यक्तिहरुबाट आफै भर्न लगाएर उनीहरुको हस्ताक्षर समेत गरेर तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको छ भने जानकारीको लागि वडा कार्यालय र सम्बन्धित निकायहरुसँगको छलफललाई उत्तरदातासम्म पुगी तथ्याङ्क संकलन गरिएको छ ।

**तथ्याङ्क विश्लेषण विधि**

देउखुरी उपत्यकाभित्र कार्यरत संघसंस्थाहरुमा कूल जम्मा १५१ जना शैक्षिक जनशक्तिहरुबाट आएको तथ्याङ्कलाई परिमाणात्मक एवम् गुणात्मक माध्यमद्वारा ट्यालीबारको माध्यमद्वारा उद्देश्य अनुरुपका प्रश्नावलीहरुबाट टेवल निर्माणगरी टेवलमा आएका तथ्याङ्कलाई गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । आएका परिमाणात्मक तथ्याङ्कहरु तालिका मार्फत विवरणात्मक रुपले व्याख्या विश्लेषण गरिएको छ भने गुणात्मक

सूचनाहरुलाई व्याख्यात्मक रुपले विश्लेषणगरी समस्याको समाधान र थप विश्लेषण गरी समस्याको समाधान र थप जिम्मेवारीको पहिचान तथा खोजि गरिएको छ ।

## नतिजा र विश्लेषण

संकलित तथ्याङ्कका आधारमा प्राप्त नतिजा र विश्लेषणलाई यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

### स्थापनाकाल देखि हालसम्म उत्पादित जनशक्तिको विवरण

देउखुरी बहुमुखी क्याम्पसको स्थापनाकाल देखि हालसम्म उत्पादित जनशक्तिको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

*स्थापना देखि हालसम्म उत्पादित जनशक्तिको विवरण*

| शैक्षिक वर्ष (वि.सं.) | संकाय तथा कार्यक्रम | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मानविकी | व्यवस्थापन | शिक्षा | | | | |
| | बी.ए. | बीबीएस | बी. एड. | एम. एड. | | | |
| | | | | नेपाली | ईपीएम | जम्मा | |
| २०६५ | ० | ० | १६ | ० | ० | ० | १६ |
| २०६६ | ० | ० | ३६ | ० | ० | ० | ३६ |
| २०६७ | ० | ८ | ७२ | ० | ० | ० | ८० |
| २०६८ | ० | २ | ३९ | ० | ० | ० | ४१ |
| २०६९ | ० | ५ | ६९ | ० | ० | ० | ७४ |
| २०७० | ० | ७ | ४७ | ० | ० | ० | ५४ |
| २०७१ | ० | १३ | ३९ | ५ | ० | ५ | ५७ |
| २०७२ | ० | २४ | ९५ | ३ | ० | ३ | १२२ |
| २०७३ | ० | २० | ५४ | २ | ३ | ५ | ७९ |
| २०७४ | २ | ० | ६८ | ४ | १७ | २१ | ९१ |
| २०७५ | ३ | १९ | ३० | ८ | ६ | १४ | ६६ |
| २०७६ | ० | २८ | २८ | ० | ११ | ११ | ६७ |
| २०७७ | २ | २४ | ७ | ३ | १ | ४ | ३७ |
| २०७८ | १ | १७ | १० | ५ | ७ | १२ | ४० |
| २०७९ | १ | २५ | ३२ | ४ | ३ | ७ | ६५ |
| २०८० | १ | ३७ | ३३ | ३ | ३ | ६ | ७७ |
| जम्मा | १० | २२९ | ६७५ | ३७ | ५१ | ८८ | १००२ |

स्रोतः परीक्षा शाखा (देबक्या), २०८१

तालिका १ अनुसार स्थापनादेखि हालसम्म देउखुरी बहुमुखी क्याम्पसबाट कुल १००२ जना जनशक्ति उत्पादित भएको देखिन्छ जसमा स्नातक तह उत्तीर्ण जनशक्ति ९१४ र स्नातकोत्तर तह उत्तीर्ण ८८ रहेका छन् । त्यसैगरी स्नातक तहमा मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र संकाय अन्तरगत क्रमशः १०, २२९ र ६७५ जनशक्ति उत्पादित भएका छन् भने स्नातकोत्तर तहमा शिक्षाशास्त्र संकाय अन्तरगत ८८ जना जनशक्ति उत्पादित भैसकेको देखिन्छ ।

### अन्तरपालिका जनशक्तिको लिङ्गगत विवरण

देउखुरी बहुमुखी क्याम्पसबाट शैक्षिक योग्यता हासिल गरी देउखुरी उपत्यकाको विभिन्न पालिकामा रही काम गर्ने जनशक्तिको लिङ्गगत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २**

*अन्तरपालिका जनशक्तिको लिङ्गगत विवरण*

| पालिकाको नाम | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| लमही न.पा. | ४० | ३६ | ७६ |
| गढवा गा.पा. | १५ | १७ | ३२ |
| राप्ती गा.पा. | २२ | १० | ३२ |
| राजपुर गा.पा. | ४ | ७ | ११ |
| कुल जम्मा | ८१ | ७० | १५१ |

स्रोतः स्थलगत अध्ययन, २०८१

तालिका २ अनुसार देउखुरी बहुमुखी क्याम्पसबाट शैक्षिक योग्यता हासिल गरी देउखुरी उपत्यकाको विभिन्न पालिकामा रही काम गर्ने जनशक्तिको लिङ्गगत विवरण हेर्दा कुल जम्मा ८१ महिला मध्ये ४० जना लमही न.पा.मा १५ जना, गढवा गा.पा.मा, २२ जना राप्ती गा.पा.मा र ४ जना राजपुरमा काम गरेको देखिन्छ।

यसै गरी कुल जम्मा ७० पुरुष मध्ये लमही न.पा.मा ३६ जना, गढवा गा.पा.मा १७ जना, राप्ती गा.पा.मा १० जना र राजपुर गा.पा.मा ७ जना काम गरेको देखिन्छ। जसबाट समग्रमा देउखुरी उपत्यकाभित्र महिला जनशक्ति बढी खपत भएको देखिन्छ जसमा महिलाहरु बढी घरपाईको नोकरीमा रहनु पर्ने सामाजिक संस्कार हो भन्न पनि सकिन्छ।

**देउखुरी उपत्यकाभित्र खपत जनशक्तिको विवरण**

देउखुरी बहुमुखी क्याम्पसबाट हालसम्म उत्पादित जनशक्ति मध्ये देउखुरी उपत्यकामा खपत जनशक्तिको विवरणलाई तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३**

*देउखुरी उपत्यकाभित्र खपत जनशक्तिको विवरण*

| उत्तीर्ण तह | जम्मा उत्तीर्ण संख्या | खपत जनशक्तिको संख्या |
|---|---|---|
| स्नातक | ९१४ | १२६ |
| स्नातकोत्तर | ८८ | २५ |
| जम्मा | १००२ | १५१ |

स्रोतः स्थलगत अध्ययन, २०८१


यसप्रकार स्नातक तह उत्तीर्ण कुल जनशक्ति ९१४ मध्ये १२६ जना अर्थात् १३.७८ प्रतिशत र स्नातकोत्तर तह उत्तीर्ण कुल जनशक्ति ८८ मध्ये २५ जना अर्थात् २८.४० प्रतिशत देउखुरी उपत्यकामा खपत भैरहेको अवस्था देखिन्छ।

**तह अनुसार जनशक्तिको पालिकागत खपत विवरण**

देउखुरी बहुमुखी क्याम्पसमा स्नातक तह सञ्चालन भएको करिब ७ वर्ष पछि मात्र स्नातकोत्तर तहको पठनपाठन सुरु भएको र विद्यार्थी संख्या पनि स्नातक तहमा धेरै रहेको हुँदा स्नातक तह उत्तीर्ण गरेको जनशक्ति बढी रहेको छ। देउखुरी बहुमुखी क्याम्पसबाट उत्तीर्ण देउखुरी उपत्यकाको विभिन्न पालिकामा रही काम गर्ने शैक्षिक जनशक्तिको विवरण चित्र १ मा प्रस्तुत गरिएको छ।

**चित्र १**

*जनशक्तिको पालिकागत खपत विवरण*




देउखुरी बहुमुखी क्याम्पसबाट उत्तीर्ण गरेका देउखुरी उपत्यका भित्रका पालिकाहरुमा कार्यरत जनशक्तिको अवस्था हेर्दा सबैभन्दा बढी लमही नगरपालिकामा ५१ प्रतिशत, त्यसपछि राप्ती गापा, गढवा गापा र राजपुर गापामा क्रमशः २१, २१ र ७ प्रतिशत जनशक्ति खपत रहेको देखिन्छ।

**जनशक्ति कार्यरत संस्थाको प्रकृति**

देउखुरी बहुमुखी क्याम्पसबाट उत्तीर्ण गरेका जनशक्ति केकस्ता प्रकृतिका संस्थामा कार्यरत रहेका छन् ती संस्थाको प्रकृति तालिका ४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४**

*जनशक्ति कार्यरत संस्थाको प्रकृति*

| पालिकाको नाम | संस्थाको प्रकृति | | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | सरकारी | अर्धसरकारी | सामुदायिक | निजी | |
| लमही न.पा. | १९ | ४ | १० | ४३ | ७६ |
| गढवा गा.पा. | १३ | ० | ९ | १० | ३२ |
| राप्ती गा.पा. | ४ | १ | १४ | १३ | ३२ |
| राजपुर गा.पा. | ६ | २ | १ | २ | ११ |
| कुल जम्मा | ४२ | ७ | ३४ | ६८ | १५१ |

स्रोतः स्थलगत अध्ययन, २०८१

तालिका ४ अनुसार रोजगारहरुले काम गर्ने संस्थाको प्रकृति हेर्दा सबैभन्दा बढी ६८ जना निजी स्रोतमा, ४२, ३४ र ७ जना क्रमशः सरकारी, सामुदायिक र अर्धसरकारी क्षेत्रमा काम गरेको पाइन्छ । यसरी पालिकाअनुसार हेर्दा लमही नपामा निजी संस्थामा ४३; १९, १० र ४ जना क्रमशः सरकारीमा, सामुदायिकमा र अर्धसरकारी संस्थामा काम गरेको अवस्था छ।

**कामको पदीय जिम्मेवारीको अवस्था**

देउखुरी बहुमुखी क्याम्पसबाट उत्तिर्ण गरेका जनशक्ति कार्यरत रहेका कामको पदीय जिम्मेवारी र सोको अवस्था तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५**

*कामको पदीय जिम्मेवारीको अवस्था*

| पद | पालिका | | | | जम्मा |
|---|---|---|---|---|---|
| | लमही न.पा. | गढवा गा.पा. | राप्ती गा.पा. | राजपुर गा.पा. | |
| प्राथमिक/खरिदार | ६० | २१ | १८ | २ | १०१ |
| नि.मा.वि./सुब्बा | ७ | ७ | ९ | २ | २७ |
| मा.वि./अधिकृत | ९ | ४ | ५ | ४ | २३ |
| जम्मा | ७६ | ३२ | ३२ | ११ | १५१ |

स्रोतः स्थलगत अध्ययन, २०८१

तालिका ९ अनुसार समग्र देउखुरी उपत्यका भित्रका देउखुरी बहुमुखी क्याम्पसको उत्पादित जनशक्ति मध्ये १०१ जना प्राथमिक वा खरिदार पदमा, २७ जना नि.मा.वि. वा सुब्बा स्तरमा, २३ जना मा.वि. वा अधिकृत तहमा कार्य गर्दै आएको अवस्था छ । जसबाट के कुराको निष्कर्षमा पुग्न सकिन्छ भने आफ्नो योग्यता अनुसारको कार्य र पदीय जिम्मेवारीको कमी रहेको देखिन्छ ।

**छलफल**

यस देउखुरी बहुमुखी क्याम्पसको स्थापना २०६२ सालमा भई शिक्षाशास्त्र संकायका ५६ जनाबाट पठनपाठन सुरु भई व्यवस्थापन संकाय र मानविकी संकाय सञ्चालन गर्दै हाल स्नातकोत्तर तहमा शिक्षाशास्त्रमा नेपाली र ई.पि.एम. विषय तथा व्यवस्थापनतर्फ एम.वि.एस.को पठनपाठन हुँदै आएको छ । हालसम्म बी.एड. तर्फ ६७५ जना, बीबीएस तर्फ २२९ जना, बिए तर्फ १० जना, स्नातकोत्तर एम. एड. तर्फ ८८ जना गरी जम्मा १००२ जना उत्तीर्ण भएको अवस्था छ भने देउखुरी उपत्यका भित्रका संस्थाहरुमा बी. एड. तर्फ ८२ जना, बीबीएस तर्फ ३८ जना, बीए तर्फ ६ जना, स्नातकोत्तर एम. एड. तर्फ २९ जना गरी १५१ जना जनशक्ति कार्यरत रहेको अवस्था छ ।

देउखुरी उपत्यका भित्र कार्यरत जनशक्तिको लिङ्गगत अवस्था हेर्दा ८१ जना महिला र ७० जना पुरुष गरी जम्मा १५१ जना कार्यरत भएको अवस्था छ । कार्यरत जनशक्तिमा सबैभन्दा बढी लमही न.पा.मा ७६ जना, गढवा र राप्ती गा.पा.मा ३२-३२ जना र राजपुर गा.पा.मा ११ जना कार्यरत भएको अवस्था छ । उत्तीर्ण गरेको तहगत विवरणमा स्नातक तहमा १२६ जना र स्नातकोत्तर तह उत्तीर्ण गरेका २५ जना रहेको छ । कार्यरत जनशक्तिको उत्तीर्ण गरेको संकायगत अवस्थामा १०७ जना शिक्षाशास्त्र ३८ जना व्यवस्थापन र ६ जना मानविकीबाट योग्यता हासिल गरेको अवस्था छ ।

काम गरेको संस्थाको प्रकृति अध्ययन गर्दा ४२ जना सरकारी संस्थामा, ७ जना अर्धसरकारी संस्थामा, ३४ जना सामुदायिक संस्थामा र ६८ जना निजी संस्थामा कार्यरत रहेको अवस्था छ भने कार्यको प्रकृति विवरणमा २१ जना सरकारी कोटामा, ७० जना निजी स्रोतमा र ८ जना अन्य तहमा कार्यरत अवस्था छ जसबाट सबैभन्दा बढी जनशक्ति निजी स्रोतमा र निजी संस्थामा कार्यरत भएको अवस्था छ । रोजगारदाताहरुको पदीय जिम्मेवारी हेर्दा सबैभन्दा धेरै १०१ जना प्राथमिक वा खरिदार तहमा, २७ जना नि.मा.वि. वा सुब्बा स्तरमा र २३ जना मा.वि.वा अधिकृत तहमा कार्यरत भएको अवस्था छ । हालसम्म देउखुरी बहुमुखी क्याम्पसबाट उत्पादित १००२ जना मध्ये १५१ जना देउखुरी उपत्यका भित्र कार्यरत रहेको अवस्था छ ।

**निष्कर्ष**

स्थानीय सरकारद्वारा छात्रवृत्ति, प्रदेश सरकारद्वारा छात्रवृत्ति, विश्वविद्यालय अनुदानद्वारा प्राप्त छात्रवृत्ति, थारु कल्याणकारी संस्थाबाट प्राप्त छात्रवृत्ति, विभिन्न सामुदायिक वन उपभोक्ता समितिद्वारा प्राप्त सहयोग, नियमित अनुदान साथै निकै कम आर्थिक लगानीमा उच्चशिक्षा हासिल गर्न पाउनु नै यस संस्थाको योगदान गरेको छ । यस संस्थाद्वारा प्राप्त गरेको नतिजा साथै प्राप्ताङ्क प्रतिशत यस देउखुरी उपत्यकामा मात्र निहित नरही त्रिभुवन विश्वविद्यालयस्तरमा नै अब्बल रुपमा साबित भइरहेको छ । यस संस्थाद्वारा उत्पादित जनशक्तिले हाल राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आफ्नो क्षमता प्रदर्शन गरिरहदा शैक्षिक संस्थाको योगदानको उच्च प्रसंसा भइरहेको छ । स्थानीय स्तरको माग र आवश्यकतालाई मानव जनशक्तिको उत्पादन गरी समग्र विकायमा ठूलो टेवा पुऱ्याएको छ ।

देउखुरी बहुमुखी क्याम्पसबाट उत्पादित जनशक्तिको खपतको अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार, यस क्याम्पसले समुदाय प्रति उत्तरदायित्वपूर्ण भूमिका निभाएको छ । यो एक सामुदायिक क्याम्पस भएकाले यहाँबाट सर्वसुलभ रूपमा उच्चशिक्षा प्रदान गर्न सफल भएको छ । यसले उच्च शैक्षिक योग्यताधारी जनशक्तिद्वारा पठनपाठन गराउने साथै व्यवस्थापन, प्रशासन र अध्ययन-अध्यापनबीच सुमधुर समन्वय कायम गर्न सक्ने क्षमता देखाएको छ । अध्ययनले यहाँ उत्पादित जनशक्तिमा महिलाको प्रतिनिधित्व बढी रहेको देखाएको छ ।

निजी क्षेत्र र निजी स्रोतमा कार्यरत जनशक्तिको संख्या बाहुल्यता रहेको छ भने देउखुरी उपत्यकाभित्र कुल १५१ जना यस क्याम्पसबाट उत्पादित जनशक्ति कार्यरत छन् । पालिकागत विश्लेषण अनुसार, लमही

नगरपालिकामा ७६ जना, गढवा र राप्ती गाउँपालिकामा ३२-३२ जना र राजपुर गाउँपालिकामा ११ जना कार्यरत छन् ।

शैक्षिक योग्यताको आधारमा, देउखुरी उपत्यकाभित्र कार्यरत १५१ जनामध्ये १२६ जना स्नातक तह र २५ जना स्नातकोत्तर तह उत्तीर्ण छन क्याम्पसबाट उत्पादित कुल १००२ जनशक्तिमध्ये बीएमा १० जना, बीबीएसमा २२० जना, बी.एड.मा ६७५ जना र एम.एड.मा ८८ जना रहेका छन् । यसरी स्नातक तहमा ९१४ जना र स्नातकोत्तर तहमा ८८ जना उत्तीर्ण भएका छन् । जसले गर्दा यस क्याम्पसले उच्च शिक्षित र गुणस्तरीय जनशक्ति उत्पादन गर्न सफल भएको प्रमाणित हुन्छ ।

**सुझावहरु**

अध्ययनका क्रममा प्राप्त सूचना तथा तथ्यांकका आधारमा निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छः

(क) क्याम्पसले उत्तीर्ण गरेका सबै विद्याथीहरूको पेसागत विवरण, रोजगारी र वेरोजगारीको तथ्यांक, तथा विभिन्न तहका विद्याथीहरूको धारणाहरू संकलन गरी व्यवस्थित अभिलेख राख्नुपर्छ । यसका साथै, देउखुरी उपत्यकाभित्रका पालिकाहरूमा कार्यरत जनशक्तिको डेटाबेस तयार गर्नुपर्छ ।

(ख) क्याम्पसले स्थानीय पालिकाहरूसँग समन्वय गरी संघसंस्थाहरूमा दक्ष जनशक्ति परिचालन गर्ने, छात्रवृत्तिको व्यवस्था मिलाउने, र उत्पादित जनशक्तिले समाजमा पुऱ्याएको योगदानको लेखाजोखा गर्ने प्रयास गर्नुपर्छ । साथै, यस संस्थाबाट उत्तीर्ण भएका विद्यार्थीहरूबाट पठनपाठन र शिक्षाको गुणस्तर बढाउने विषयमा सुझाव लिई अभिलेखीकरण गर्नुपर्छ ।

(ग) स्थानीय तह र समुदायको आवश्यकताको आधारमा आवश्यक जनशक्ति निर्माण गर्नुपर्छ । यसका लागि समय(समयमा स्थानीय सरोकारवालाहरूसँग अन्तरक्रिया गरी सुमधुर सम्बन्ध कायम गर्नुपर्छ ।

(घ) शिक्षक तथा विद्याथीहरूलाई अनुसन्धानमा संलग्न गराउँदै अनुसन्धानमूलक शिक्षण प्रवर्द्धन गर्नुपर्छ । साथै, शैक्षिक गुणस्तरमा देखिएका समस्याहरूको अध्ययन गरी समाधानका लागि सम्बन्धित निकायहरूसँग अनुसन्धानको व्यवस्था मिलाउनुपर्छ । यी सुझावहरूको कार्यान्वयनले क्याम्पसको शैक्षिक प्रभावकारिता, रोजगारी सिर्जना र सामुदायिक सहभागितालाई झन माथि पुर्याउने अपेक्षा गरिन्छ ।

## सन्दर्भ सूची


Anicic, K. P., & Buselic, V. (2021). Importance of generic skills of ICT graduates: Employers, teaching staff, and students' perspective. *IEEE Transactions on Education*, *64*(3), 245–252. https://doi.org/10.1109/ te.2020.3034958

Byrne, C. (2020). What determines perceived graduate employability? Exploring the effects of personal characteristics, academic achievements and graduate skills in a survey experiment. *Studies in Higher Education*, 1-18. https://doi.org/10.1080/03075079.2020.1735329

Government of Nepal. (2015). *Constitution of Nepal 2015*. Government of Nepal.

Nielsen, R. J. (2018). *Employability and entrepreneurship: building a virtuous circle in a european youth strategy within the framework of the Erasmus & Programme*. European Commission.

Sharma, Amrita (2023). Employability of engineering graduates in Nepal: employers’ perspectives. *Journal of Management and Development Studies Volume: 32*, Issue 1, 26-38 https://doi.org/10.3126/jmds.v32i1.56636

Yorke, M. (2006). *Employability in higher education: what it is – what it is not*. Enhancing Student Employability Co-ordination Team.